नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाण्डौ

प.सं.: २०७८/०७९

च.नं. ५६०

मितिः २०७८।११।१८

**बिषयः योग्यताका आधारहरु राख्दा ध्यान दिनु पर्ने विषयसंग सम्बन्धित परिपत्र ।**

**श्री सार्वजनिक निकाय, सबै ।**

सार्वजनिक निकायबाट सार्वजनिक खरिदका लागि बोलपत्र आव्हान गर्दा शर्तजन्य प्रावधानका माध्यमवाट खरिद कार्यलाई प्रभावित गरेको भन्ने सम्बन्धी सवैभन्दा धेरै गुनासो र उजुरी यस कार्यालयमा प्राप्त हुने गरेको हुँदा सो बिषयमा कार्यालयको ध्यानाकर्षण भएको छ। बोलपत्र कागजातमा हुने शर्तजन्य प्रावधानका सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमूना बोलपत्र कागजातमा उल्लेखित प्रावधानहरु बमोजिम बोलपत्रदाताको योग्यता तथा मूल्याङ्कनका आधारहरू निर्धारण गर्नुपर्नेमा कुनै बोलपत्रदातालाई लक्षित गरी बोलपत्रसंग असान्दर्भिक प्रावधानहरु उल्लेख गर्ने गरेको सन्दर्भमा यसरी बोलपत्र प्रक्रियाको चरणमा बोलपत्रदाताको योग्यता तथा मूल्यांकनका आधारहरु निर्धारण गर्दा सो सम्बन्धी सबै सार्वजनिक निकायले देहाय अनुसार गर्ने गराउने व्यवस्था हुन मिति २०७८।११।१८ को सचिव स्तरीय निर्णयानुसार अनुरोध छ।

<u>देहाय</u>

१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) को देहाय (ख) मा सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना वोलपत्र सम्बन्धी कागजातमा सामान्यतया सारभूत रुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार वोलपत्र सम्वन्धी कागजात तयार गर्नु पर्ने व्यवस्था रहेकोले सोही अनुसार गर्ने, गराउने।

२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ र दफा ५क. एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ र नियम ५क. मा भएको व्यवस्था अनुसार खरिद विवरण स्पष्टसँग तयार गरी उक्त प्रावधानको पालना भएको सुनिश्चित गर्ने ,गराउने।

३. सार्वजनिक निकायले बोलपत्र सम्वन्धी कागजातमा यस्तो योग्यता तथा मूल्यांकनका आधारहरु निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु तय भएको, प्रतिस्पर्धा सिमित नहुने सुनिश्चित गरिएको, बजारमा प्रतिस्पर्धीको उपस्थितिको लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको विषय सुनिश्चित गर्ने गरी पुष्टयाई सहित त्यस्तो प्रत्येक योग्यता तथा मूल्यांकनका आधारका विषयमा लिखित निर्णय गरी अभिलेख राख्ने , राख्न लगाउने।

२०७८।११।१८

(उज्जवल खतिवडा)

इन्जिनियर